# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल


प.सं : ०८२/०८३
चलानी नं :

मिति : २०८२/०४/०७

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

सूचना नं : ०१

**मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्चको नवीकरण सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/१२/१३ मा स्वीकृत मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्च उपलव्ध गराउने सम्वन्धि कार्यविधि , २०७८ बमोजिम प्रत्येक आ.व को सुरुमा लाभग्राहीहरुले सम्वन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यवस्था भएकाले आ व २०८१/८२ मा यस विहादी गाउँपालिकाबाट औषधि उपचार खर्च लिएका उक्त कार्यविधि अनुसार औषधि उपचार खर्च पाउनुपर्ने लाभग्राहीहरुले तपशिल बमोजिमको कागजात सहित आफ्नो वडा कार्यालयमा २०८२ श्रावण मसान्त सम्म निवेदन पेश गरि वडा कार्यालयबाट प्रमाणित कागजात स्वास्थ्य शाखामा बुझाउनु हुन् सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपशिल

१) नविकरणको लागि सम्बन्धित बिरामीको निवेदन
२) बिरामीको नागरिकताको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
३) मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएको प्रमाणित कागजात
४) क्यान्सर रोग पहिचान भई उपचार पछि निको भईसकेको क्यान्सर रोगिको हकमा ३/३ महिना भित्र निरन्तर निगरानीमा ( Close Follow Up ) रहेको खुलेको कागजात
५) मेरुदण्ड पक्षघातको हकमा अपांगता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि
६) अनुसूची १ बमोजिमको चिकित्सकको सिफारिस
७) अनुसूची २ बमोजिमको वडाबाट प्रमाणित पत्र
८) वडा कार्यालयबाट औषधि उपचार खर्चको सिफारिस पत्र
९) बिरामीको बैंक खाता रहेको चेकको प्रतिलिपि

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत